# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जामुनबारी झापा
कोशी प्रदेश, नेपाल


पत्र संख्या - २०७९।८०
चलानी नं. - ६०

मिति २०८०।३।४

श्री विषयगत शाखा (सबै),

श्री वडा कार्यालय (सबै),

श्री निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरु (सबै),

श्री सरोकारवाला संघसंस्था (सबै),

कनकाइ नगरपालिका,झापा।

**विषय – चालु आ.व २०७९।८० भुक्तानी तथा खाता बन्द हुने समबन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम १ बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगावै भुक्तानी दिइ लेखा अधावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने प्रावधान रहेको छ। साथै आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) अत्याधिक चाप पर्ने हुनाले सो प्रणाली समस्या आउने, आषाढ मसान्तभित्र नै कर दाखिला गर्नु पर्ने , संघिय सरकार तथा प्रदेश सरकारलाइ फिर्ता गर्नुपर्ने अनुदान रकम फिर्ता गरी सो को भौचर कोष तथा लेखा नियन्त्रका कार्यालय, प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्ने, सम्पुर्ण कारोबारको हिसाब मिलान गरी सोको विवरण संघीय सरकार तथा प्रदेश सरकार लगायतका निकायमा पठाउनु पर्ने व्यवस्था रहेकोले यस नगरपालिका बाट सञ्चालित सम्पुर्ण योजना तथा कार्यक्रम मिति **२०८० असार १५** गते भित्र कार्यसम्पन्न गरी अनिवार्य रुपमा भुक्तानी लिई फरफारक गर्न हुन अनुरोध छ। साथै तोकिएको समयसम्ममा भुक्तानी लिन नआएमा कार्यालय जवाफदेहि नहुने व्यहोरा समेत सबैमा जानकारीका लागी अनुरोध छ।

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ(सादर अवगतार्थ)

श्री नगर प्रमुख ज्यु, कनकाइ नगरपालिका।

श्री नगर उप प्रमुख ज्यु, कनकाइ नगरपा लिका।

श्री आर्थिक प्रशासन शाखा , कनकाइ नगरपालिका।

श्री सुचना प्रविधि शाखा,कनकाइ नगरपालिका।(वेभसाइटमा अपलोड गरी इमेल मार्फत प्रेसित गर्नहुन।)


फोन नं. ०२३-४०११५५
०२३-४०११४४ito.kanakaimun@gmail.com

Email- kanakai.mun@gmail.com

info@kanakaimun.gov.np